# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
प्रदेश नं १, नेपाल

प.सं.०७८/०७९
च.नं. ९५६३

मिति २०७८/१२/२१

विषय : आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सम्बन्धी जरुरी सूचना ।

श्री आधारभूत (कक्षा ८ सञ्चालित) र माध्यमिक विद्यालयहरु सबै,
केराबारी गाउँपालिका, मोरङ ।

प्रस्तुत विषयमा केराबारी गाउँपालिका आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन समितिको मिति २०७८/१२/११ गतेको बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०७८ को आधारभूत तह उत्तीर्ण परीक्षा तपसिल बमोजिम सञ्चालन गरिने भएकोले परीक्षालाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रुपमा सम्पन्न गर्न देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ ।

तपसिल

| क्र.सं. | विषय | परीक्षा हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | अंग्रेजी | २०७९/०१/०९ गते शुक्रबार | |
| २ | गणित | २०७९/०१/११ गते आइतबार | |
| ३ | नेपाली | २०७९/०१/१२ गते सोमबार | |
| ४ | विज्ञान तथा वातावरण | २०७९/०१/१३ गते मंगलबार | |
| ५ | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | २०७९/०१/१४ गते बुधबार | |
| ६ | पेशा, व्यवसाय र प्रविधि शिक्षा | २०७९/०१/१५ गते बिहिबार | |
| ७ | स्वास्थ्य तथा शारिरीक र नैतिक शिक्षा | २०७९/०१/१६ गते शुक्रबार | |
| ८ | स्थानीय विषय | २०७९/०१/१७ गते शनिबार | |

**परीक्षा समय : दिनको १ : ०० बजे देखि ।**

१. परीक्षा केन्द्र सम्बन्धित विद्यालयमा नै हुने र केन्द्राध्यक्ष सम्बन्धित विद्यालयको प्रअ हुने । SEE को परीक्षा केन्द्र भएका विद्यालयको हकमा भने प्रअले कम्तीमा निम्न माध्यमिक तहको स्थायी शिक्षकलाई केन्द्राध्यक्षको जिम्मेवारी दिन सक्ने । यसरी जिम्मेवारी दिंदा लिखित रुपमा दिनुपर्ने र सो को वोधार्थ शिक्षा शाखामा पठाउनुपर्ने ।

२. परीक्षाका प्रश्नपत्र लगायतका परीक्षा सामग्री मिति २०७९ वैशाख ८ गते गाउँपालिकाको शिक्षा शाखाबाट सम्बन्धित विद्यालयको प्रअ वा निजले तोकेको शिक्षकले बुझिलिनुपर्ने । प्रश्नपत्र बुझिसकेपछि प्रश्नपत्रको गोपनियता भङ्ग भएमा वा परीक्षा सामग्रीको दुरुपयोग भएमा प्रधानाध्यापक नै पूर्ण रुपमा जिम्मेवार हुने ।

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट: www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०
"कृषि पर्यटन सहितको पुर्ण पुर्वाधार, समृद्ध केराबारी हाम्रो आधार"

अधिकृत सुर्य सापकोटा

Scanned with CamScanner

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
प्रदेश नं १, नेपाल

प.सं.०७८/०७९
च.नं.

३. परीक्षा सञ्चालनको लागि निरीक्षक लगायत आवश्यक कर्मचारीको व्यवस्थापन र परीक्षा सामग्रीको ढुवानीको प्रबन्ध विद्यालय स्वयंले नै गर्नुपर्ने ।

४. परीक्षा सञ्चालन हुने दिन परीक्षा समय सुरु हुनुभन्दा आधा घण्टा अगाडि मात्र केन्द्राध्यक्ष सहित कम्तीमा २ जना शिक्षकको रोहवरमा मुचुल्का गरी प्रश्नपत्रको प्याकेट खोल्नुपर्ने । प्रश्नपत्र अपुग भएमा वा प्रश्नपत्रको प्याकेटमा लेखिएको विषय र प्याकेटभित्र रहेका प्रश्नपत्रको विषय फरक परेमा सो को जानकारी तत्काल शिक्षा शाखामा गराउनुपर्ने र शाखाको निर्देशन बमोजिम काम गर्नुपर्ने ।

५. प्रवेशपत्र नभएका र परीक्षा फारम नभरेका विद्यार्थीहरुलाई परीक्षामा सामेल नगराउने ।

६. परीक्षा समाप्त भए पश्चात प्रत्येक दिनको उत्तरपुस्तिका खामबन्दी गरी सुरक्षित साथ राख्ने ।

७. तोकिएको दिन परीक्षामा सामेल हुन नसक्ने परीक्षार्थीहरुको लागि पुन : अर्को परीक्षाको व्यवस्था नगर्ने ।सो को अग्रिम जानकारी परीक्षार्थीहरुलाई गराउने ।

८. कुनै परीक्षार्थीलाई सहयोगी लेखक राख्नुपर्ने अवस्था भएमा परीक्षार्थीको निवेदन र आधार तथा प्रमाण समेत संलग्न राखी केन्द्राध्यक्षले कक्षा सात वा सो भन्दा तल्लो कक्षामा अध्ययन गर्ने विद्यार्थीलाई सहयोगी लेखक राख्न दिने र सो को जानकारी शिक्षा शाखामा पठाउने ।

९. विद्यालयहरुले पाठ्यक्रमले तोके बमोजिम विद्यार्थीहरुको प्रयोगात्मक परीक्षा सञ्चालन गरी सो को प्राप्तांक र विषयगत परीक्षाको प्राप्तांकको प्रमाणित प्रति मिति २०७९ साल वैशाख २५ गतेभित्र शिक्षा शाखाले तोकेको ढाँचामा अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्ने व्यवस्था मिलाउने ।

१०. परीक्षा सञ्चालन सम्बन्धमा कुनै द्विविधा र समस्या उत्पन्न भएमा गाउँपालिकाको परीक्षा समिति र शिक्षा शाखासँग आवश्यक समन्वय गर्ने ।

अर्जुन घिमिरे
अधिकृतस्तर सातौं

वेधार्थ : श्री अध्यक्ष ज्यू, केराबारी गाउँपालिका, मोरङ ।
श्री सूचना प्रविधि शाखा : वेभसाइटमा सूचना अपलोड गरिदिनुहुन ।

Scanned with CamScanner